उत्तरपुस्तिकालगायतका परीक्षासँग सम्बन्धित सामग्री शिक्षा विभाग वा तोकिएको परीक्षण केन्द्रमा बुझाउनुपर्ने छ । विकासात्मक अपांगता भएका बालबालिकालाई क्षमतासम्बन्धी सहायता आवश्यकता परेमा वा प्रश्नपत्र तथा परीक्षामा लेख्न समस्या भएमा त्यस्ता बालबालिकाका लागि विद्यालयले व्यक्तिगत सहयोगको व्यवस्था मिलाउन सक्ने छन् । कामपाले तयार पारेको प्रश्नपत्रबाट विकासात्मक अपांगता वा विशेष प्रकृतिका बालबालिकाले परीक्षा दिन नसक्ने भएमा विद्यार्थीको सिकाइ प्रकृतिका आधारमा विद्यालयले उपयुक्त मूल्यांकन मापदण्ड तयारी गरी विद्यार्थी मूल्यांकन गरेर प्राप्तांक सम्बन्धित स्रोत केन्द्रमा बुझाउनुपर्ने छ ।

आगामी शैक्षिक सत्रका लागि सुरुआतकै दिनमा शिक्षा विभागले विकासात्मक अपांगता भएका बालबालिकाको विवरण संकलन र विश्लेषण गर्ने छ । विभागले त्यस्ता बालबालिकाका लागि सिकाइ र मूल्यांकनका राष्ट्रिय परीक्षा बोर्ड, पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरेर छुट्टै मापदण्ड तयार गर्ने निर्णय भएको छ ।

विभागले परीक्षा सञ्चालन हुने विद्यालयका प्रधानाध्यापकलाई विभागले केन्द्राध्यक्षका रूपमा नियुक्ति गर्ने छ । प्रधानाध्यापकको कार्यभारका कारण केन्द्राध्यक्ष रहन नसक्ने अवस्थामा सहायक प्रधानाध्यापक वा प्रधानाध्यापकले तोकेको वरिष्ठतम् शिक्षकलाई केन्द्राध्यक्षको जिम्मेवारी प्रदान गर्न सकिने पनि बैठकले निर्णय गरेको छ । ‘कोडिङ’ र ‘डिकोडिङ’ गरेर उत्तर पुस्तिका परीक्षणको काम पनि विभागले गर्ने छ । यो काम स्रोत केन्द्रहरूबाट हुने पनि कामपाले जानकारी दिएको छ । कामपाभित्र ११ वटा स्रोत केन्द्र छन् ।

# चियापारखीको रोजाइ ‘पोखरेलको मट्का चिया’



■ सिबी अधिकारी

> सिंहदरबारको पूर्वीगेट अनामनगरमा रहेको यो पसल त्यहाँ पुग्नेहरूको रोजाइमा पर्न थालेको छ । मड्कामात्रै हैन १९ थरीका चियाको चुस्कीको स्वाद पाइने भएकाले यहाँ ग्राहकको भीड लाग्ने गरेको छ ।

**काठमाडौं–** चियाको चुस्कीमा गफिने नेपालीको बानी नै हो । चिया साथीभाइ, आफन्त, इष्टमित्र भेटघाटको बहाना पनि हो । त्यसैले हिजोआज जताततै विभिन्न ‘ब्राण्ड’मा चिया पसल खुलेका छन् र ती पसलमा मानिसहरू झुम्मिएकै देखिन्छन् । नेपालीका लागि चिया संस्कृति नयाँ भने हैन । वयष्कदेखि वृद्ध अवस्थाकाले पनि चियाको चुस्की लिन्छन् । चियाले न भोक मेट्छ न पोषण दिन्छ तर सम्बन्धहरू न्यानो बनाइराख्छ भनेर विश्लेषण गर्नेहरू पनि छन् । त्यसैले चियालाई थकाइ मार्ने, तलतल मेट्ने, तनाव कम गर्ने अर्थात् ‘फ्रेस’ हुने कडीका रूपमासमेत अर्थ्याउने चलन छ ।

त्यसैले सहरबजारमा बग्रेल्ती चियाका ब्राण्ड खुलेका छन् । चियावाला, चिया चौतारी, चियासंसार, मड्का चिया आदि... । यिनै मध्येको एक हो ‘पोखरेल मट्का चिया’ । राजेश शर्मा (पोखरेल दाइ) ले विगत एक वर्षदेखि परम्परागत चिया पसललाई फरक शैलीमा नयाँ ब्राण्डका रूपमा स्थापित गरेका छन् । सिंहदरबारको पूर्वीगेट अनामनगरमा रहेको यो पसल त्यहाँ पुग्नेहरूको रोजाइमा पर्न थालेको छ । मड्कामात्रै हैन १९ थरीका चियाको चुस्कीको स्वाद पाइने भएकाले यहाँ ग्राहकको भीड लाग्ने गरेको छ । नेतादेखि कलाकार, वकिल, पत्रकार तथा चियाका पारखीहरूका माझ यो पसल चर्चाको विषय बन्ने गरेको छ ।

काठमाडौं महानगरपालिका-२९ का वडासचिव शम्भु बरालका अनुसार वडाभित्र १०० हाराहारी चिया पसल खुलेका छन् । तीमध्ये कतिपय ‘चिया पसल’ भनेर दर्ता छन् भने धेरैजसो बेकरी, खाजाघर आदि नामले सञ्चालनमा छन् । पछिल्लो समय चिया व्यवसायमा आकर्षण बढेको र विभिन्न ब्राण्डका चिया पसल खुल्नेक्रम जारी रहेको उनले बताए ।

पुर्ख्यौली घर स्याङ्जा भएका पोखरेलले चियाको यो ‘ब्राण्ड’ स्थापित गर्नुपछाडिको संघर्ष लामो छ । १३ वर्षको उमेरदेखि पेसा व्यवसाय गरेका उनले वि.सं. २०५७ देखि अनामनगरमा चिया पसल सुरु गरेका थिए । त्यअघि उनले नवलपरासीमा गण्डकी गेष्ट हाउस, किराना पसल र पान पसल पनि सञ्चालन गरे । त्यसपछि उनी चिया पसलमा जोडिए तर त्यसबाट फाइदा नभएपछि शर्मा रोजगारीका लागि युरोपका विभिन्न देशमा भौतारिए । ‘युरोपमा साथीभाइको व्यापार-व्यवसायमा जोडिने भनेर विदेश गएँ, विदेश र नेपालको लगानीको तुलना गरें । विदेशमा जोखिम देखें,’ उनले भने । शर्माले डेनमार्क, बेल्जियम, पोर्चुगल, नेदरल्यान्डमा चियाको नयाँ तौरतरिका सिक्ने अवसर पाए र त्यही सीपलाई एक वर्षदेखि नेपालमै चियाको नयाँ ब्राण्डका रूपमा स्थापित गरेको सुनाए ।

चियाका पारखीको ध्यान खिच्न पोखरेलले चिया पसल र सामाजिक सञ्जालमा विभिन्न नाराहरू पोस्ट गर्छन् । ‘चियामा रोइलो होइन, रमाइलो गरौं । एक कप हजार खुसी, पोखरेल चिया तपाईंको सन्तुष्टि’ यी र यस्ता सांकेतिक नाराले पनि पोखरेल मटका चिया अनामनगरमा अरूभन्दा भिन्न छ ।

## १९ थरीका चिया

पोखरेल मट्का चियामा १९ वटा चियामा १९ प्रकारका मसलाको फरक स्वाद पाउन सकिन्छ । ‘दूधजन्य १९ थरी र पानीजन्य अरू फरक चिया पनि पाइन्छ, लालीगुराँस, लेमनग्रासलगायत मागअनुसारका चिया पनि हामीले दिने गरेका छौं,’ पोखरेलले भने । फरक-फरक मसलाको समीश्रण, त्यसैले उनी एउटा कपको २५ रूपैयाँदेखि १३० रूपैयाँसम्म लिन्छन् ।

उनले अनामनगर क्षेत्रका मात्र नभई कालीमाटी, स्वयम्भू, पेप्सीकोला, बालाजु, पुतलीसडकलगायत स्थानबाट ग्राहकहरू आफूकहाँ आउने गरेको बताए । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, नेकपा एमालेका नेता ठाकुर गैरेलगायत नेताहरूले बेला मौकामा आफ्नो चिया पिउने गरेको उनले सुनाए । शर्माले यसैबाट परिवारको खर्च राम्रोसँग चलेको र पाँच जनालाई रोजगारी दिएको बताए ।

करिब २० लाख रूपैयाँ लगानीमा सञ्चालन गरिएको पोखरेलको मट्का चियाको ‘चेन’ पनि विस्तार हुँदै छ । छिट्टै कतारमा र काठमाडौंका विभिन्न स्थानमा शाखा विस्तार गर्ने योजना रहेको उनले जानकारी दिए । विगत २५ वर्षदेखि चिया बेच्दै आएका शर्माले अरू शाखामा अरबी, इरानी, गुलाफलगायत १० थरी चियाको स्वाद चखाउने योजना बनाएका छन् । उनले ग्राहकको इच्छाअनुसार चियासँग बेकरी आइटम, मःमः, चाउमिन, भुटेको र उसिनेको मकै, कोदोको सुक्खा रोटी, मोही, दही आदि परिकार पनि पस्किन्छन् । *रासस*

# ‘उपभोक्ताको न्यायका लागि उपभोक्ता अदालत’

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बजार ‘उपभोक्ता अदालत गठन’ भएपछि उपभोक्ताको हकहितका लागि काम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

शुक्रबार यहाँ आयोजित ‘व्यवसाय र उपभोक्ताको मानवअधिकार, शीघ्र र सुलभ न्यायका लागि उपभोक्ता अदालत’ विषयक अन्तरक्रियामा उनले ‘उपभोक्ता अदालत गठन’ भएसँगै संविधानको कार्यान्यन पनि हुने विश्वास व्यक्त गरे ।

‘उपभोक्ता संरक्षण ऐन’ जारी भएको छ वर्षपछि सरकारले ‘उपभोक्ता अदालत गठन’ गर्न लागेको उनको भनाइ छ । उक्त अदालतको आज (शनिबार) उद्घाटन हुने र आइतबारदेखि काम सुरु गर्ने उनले बताए । उनले भने, ‘अहिले बजार अनुगमन भइरहेको भए पनि त्यसका लागि जनशक्ति अभाव रहेको छ, बजार अनुगमनका लागि जनशक्ति अभाव भएका कारणले सोचेजस्तो काम हुनसकेको छैन, उपभोक्ता संरक्षण ऐनले बजार अनुगमनको व्यवस्था गरेको छ । तर कार्यान्वयनका लागि जनशक्ति अभाव छ ।’

सरकारले संविधानको धारा ४४ को मौलिक हक कार्यान्वयन गर्न २०७५ सालमा उपभोक्ता संरक्षण ऐन जारी गरेको थियो । तर ऐन जारी भएको लामो समयसम्म अदालत गठन हुन नसक्दा संविधानको उक्त व्यवस्था कार्यान्वयनमा आउन सकेको थिएन ।

उपभोक्ताले पनि आफू ठगिएको गुनासो लिएर जाने ठाउँ पाएका थिएनन् । तर, अब भने त्यो संविधानको धारा ४४ कार्यान्वयन हुनुका साथै उपभोक्ता आफू ठगिएमा उपभोक्ता अदालतमा जान सक्ने बाटो पनि खुलेको छ । उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँले उपभोक्ता अदालतले आमरूपमा उपभोक्ताको हकहितमा काम गर्ने विश्वास व्यक्त गरे ।


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### सबैला, धनुषा

## औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: (२०८१/१२/०२)**

यस कार्यालयको चालु आ.व.०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकारको स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण गर्नेगरी तोकिएको सुची बमोजिम औषधी तथा सर्जिकल सामानहरु खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र इजाजत प्राप्त फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धि कागजातहरु मिति २०८१/१२/०२ देखि २०८१/१२/१६ गतेको कार्यालय समय सम्म यस नगरपालिकाको कार्यालय, सबैला, धनुषा बाट रू. १० को टिकट टाँसी लिखित निबेदन पेश गरी दरभाउपत्र कागजात खरिद गरी शिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिनेछ । सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयसम्म दरभाउपत्र खरिद गर्न सकिने छ । यस्तो निबेदनको साथमा निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।
  - क. कम्पनि र फर्म दर्ता प्रमाणपत्रको नोटरी पब्लिकद्वरा प्रमाणित प्रतिलिपी ।
  - ख. मु.अ. करमा दर्ता भएको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपी ।
  - ग. आ.ब. ०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपी ।
  - घ. प्रोपराइटर स्वयम उप्सस्थित हुन नसकेमा निजको अधिकारिक मन्जुरीनामा पत्र ।
  - ङ. शिलबन्दी दरभाउपत्र फारामको साथमा दस्तुर रू. १०००/- (अक्षरेपी एक हजार) मात्र फिर्ता नहुने गरी ऐन आई सि एशिया बैंक लि. सबैला धनुषाको शाखा स्थित सबैला नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०३१२०५००३९४५९००१ र खाता धाराक को नाम GA-1-1 AANTARIK\ RAJASWA\ KHATA\ SABAILA मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी शिलबन्दी दरभाउपत्र फाराम लिन सकिनेछ ।

२. शिलबन्दी गरिएको दरभाउपत्र मिति २०८१/१२/१७ गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ । ढिलो गरी आएको प्राप्त शिलबन्दी दरभाउ स्वीकार गरिने छैन । यदि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलि पल्ट सोही समयभित्र शिलबन्दी दरभाउपत्र बुझाउनु पर्नेछ ।

३. तोकिएको समयभित्र रितपूर्वक पेश भएको शिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा सबैला नगरपालिकामा मिति २०८१/१२/१७ गते अप्रान्ह २:०० बजे खोलिने छ ।

४. यदि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा शिलबन्दी दरभाउपत्र खोलिने छ । शिलबन्दी दरभाउपत्र दर्ता गर्दा सुचनामा तोकिए बमोजिमको जमानत बापतको रकम यस कार्यालयको सबैला शाखा स्थित एन आई सि एशिया बैंक लि.को धरौटी खाता नं. ०३१२०५००३९४५९००६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त “क” वर्गकोवाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको जमानी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्र खोलिने मितिबाट ७५ दिन भएको हुनुपर्ने छ ।

५. शिलबन्दी दरभाउ पत्र साथ आपूर्ति हुने सम्पूर्ण औषधी र सर्जिकल सामानहरु WHO/GMP Certified हुनुपर्ने छ । नबिकरण गरिएको प्रमाणपत्र र औषधि व्यवस्था बिभाग बाट प्राप्त नबिकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

६. कुनै वा सबै दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

७. धुलो र झोल औषधिहरु बाहेक अन्य बाँकी औषधीहरु Strip मा आपूर्ति गर्नुपर्ने छ । बोतलमा आपूर्ति हुने सबै औषधी तथा सर्जिकल सामाग्रीहरु शिलबन्दी हुनुपर्ने छ ।

८. सप्लाई हुने प्रत्येक औषधी तथा सर्जिकल सामानहरूको strip/labeling/packing को बाहिर उत्पादन कम्पनीको नाम, उत्पादन मिति, ब्याच नं. र Expiry date अनिवार्य रूपमा लेखेको हुनुपर्ने छ ।

९. आपूर्ति हुने औषधी र सर्जिकल सामानहरूको को Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनुपर्ने छ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्था भएमा कुल म्यादको ७५ प्रतिशत म्याद बाँकी हुनुपर्ने छ ।

१०. सबैला नगरपलिका कार्यालयको हाता सम्म औषधी तथा सर्जिकल सामाग्रीहरूको ढुवानी बापत लाग्ने खर्च र सबै प्रकारका कारहरु दरभाउपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नाबझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र ब्यबसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नुपर्ने छ ।

१२. औषधी र सर्जिकल सामाग्रीहरूको लेबेलामा नेपाल सरकार द्वारा निशुल्क वितरणको लागि भनी लोगो छाप अनिवार्य हुनुपर्ने छ ।

१३. दरभाउ पत्रको प्रत्येक पानामा दरभाउ पत्र दाताको अधिकारिक व्यक्तिको सहि र छाप हुनुपर्ने छ ।

१४. दरभाउपत्र पेश गर्दा मु.अ.क. बाहेकको दर उल्लेख गर्नुपर्ने छ ।

१५. दरभाउपत्रद्वारा खरिद हुने औषधी र सर्जिकल सामानहरूको सुची दरभाउपत्र फारम साथ उपलब्ध हुने छ ।

१६. दरभाउपत्र स्वीकृत भएपछि नियमानुसार धरौटी बापत थप ५ प्रतिशत ले हुन आउने रकम वा बैंक जमानत पेश गर्नु पर्नेछ ।

१७. यो सूचनामा उल्लेख भएको कुराहरूको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएको कुराहरूको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने छ ।

१८. अन्य आवश्यक कुराहरु जानकारी लिनुपर्ने भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

| क्र.स. | ठेक्का न . | बिबरण | इस्टिमेट अंक मु.अ.कर समेत | जमानत रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | SM/MD/ 01/081-82 | दरभाउपत्र फारममा उल्लेख भए बमोजिमका औषधी तथा सर्जिकल सामानहरु | रू ४५६०७९६।- मात्र | रू १३६८२५।- | २०८१/१२/१६ |

**प्रमुख प्रशासकीय अधिकृत**

### तीव्र हुँदै छ सगरमाथा आरोहणको तयारी

# बाटो बनाउन 'आइसफल डाक्टर' आधार शिविरतर्फ

▶▶ सुवास दर्नाल/सोलुखुम्बु




वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणको तयारी तीव्र पारिएको छ । आरोहीहरूको सुविधाका लागि आवश्यक सबै कार्य अघि बढाइएको छ भने सुरक्षालाई उच्च प्राथमिकता दिइएको छ । यस वर्ष आरोहण मौसममा कति आरोहीहरू सगरमाथा चढ्ने छन् भन्ने विषयमा अझै निश्चित तथ्यांक आइसकेको छैन तर विगतका वर्षहरूसँग तुलना गर्दा ठूलो संख्यामा आरोहीहरू आउने अपेक्षा गरिएको छ ।

वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणका लागि आवश्यक तयारी सुरु गरिएको छ । आरोहीहरूलाई सुरक्षित बाटो उपलब्ध गराउन 'आइसफल डाक्टर'को १० जनाको टोली आधार शिविरतर्फ प्रस्थान गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले जनाएको छ ।

एसपिसिसीको व्यवस्थापनमा खुम्बु आइसफल क्षेत्रको बाटो निर्माण तथा मर्मतको काम गरिँदै आएको अध्यक्ष लामाकाजी शेर्पाले बताए । उनका अनुसार वसन्त ऋतु हिमाल आरोहणका लागि सबैभन्दा अनुकूल समय भएकाले अनुभवी 'आइसफल डाक्टर' टोली आवश्यक उपकरण तथा सामग्रीसहित नाम्चेबाट आधार शिविरतर्फ अघि बढेको छ ।

टोलीमा आधार शिविर व्यवस्थापक छिरिङतेञ्जिङ शेर्पासहित आठजना अनुभवी 'आइसफल डाक्टर' छन् । दुईवटा छुट्टाछुट्टै टोली गठन गरिएको छ, जसको नेतृत्व आङसर्की शेर्पा र दावाजांबु शेर्पाले गरेको छ ।

टोलीमा दावानुरु शेर्पा, निमतेञ्जी शेर्पा, मिङ्माग्याल्जेन शेर्पा, दावाछिरी शेर्पा, लाक्पासोना शेर्पा र तेन्डु शेर्पा रहेका छन् । सन् १९९७ देखि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको पर्यटन विभागले एसपिसिसीलाई खुम्बु आइसफल मार्ग निर्माण तथा मर्मतको जिम्मेवारी दिँदै आएको छ । हिमाल आरोहण मार्ग बनाउन अत्यन्त जोखिमपूर्ण मानिन्छ ।

खुम्बु आइसफल क्षेत्र सबैभन्दा खतरनाक भागहरूमध्ये एक हो, जहाँ हिउँको विशाल ढिस्को, भ्वाङ, अनि हिमपहिरोको खतरा रहन्छ । टोलीले सगरमाथाको दोस्रो आधार शिविरसम्म जाने बाटो निर्माण गर्नुपर्ने हुन्छ, जसका लागि डोरी टाँग्ने, जोखिमपूर्ण स्थानमा भर्‍याङ राख्ने, हिउँ तथा बरफको अस्थिर संरचनाहरूलाई स्थिर बनाउनेजस्ता कार्य गर्नुपर्ने हुन्छ ।

## परम्परागत विधि र साइत हेर्ने परम्परा

सगरमाथा आरोहणको मार्ग निर्माण कार्य परम्परागत विधि तथा साइत हेराइ पूरा गरेपछि मात्र अघि बढाइने गरिएको छ । एसपिसिसीका अनुसार आरोहणमार्ग निर्माण कार्य सुरु गर्न बौद्ध परम्पराअनुसार विशेष पूजा गरिन्छ । यस क्रममा स्थानीय लामा गुरुहरूले पूजाआजा गरी पर्वत देवतालाई खुसी पार्ने प्रयास गर्छन् । पर्वत देवताको कृपा प्राप्त गरेपछि मात्र आइसफल क्षेत्रजस्तो जोखिमयुक्त क्षेत्रमा पाइला राख्ने चलन रहेको अध्यक्ष शेर्पाले बताए ।

मार्ग निर्माण अघि बढाउन परम्परागत विधिअनुसार साइत हेरिन्छ । त्यसपछिमात्रै बाटो निर्माणको काम अगाडि बढाइन्छ । अध्यक्ष शेर्पाअनुसार यस विधिले आरोहीहरूको सुरक्षालाई सुनिश्चित गर्ने विश्वास रहँदै आएको छ ।

दोस्रो आधार शिविरसम्मको बाटो बनाउन झण्डै २० दिन लाग्ने अनुमान गरिएको छ तर मौसम प्रतिकूल भएमा यो अवधि लम्बिनसक्ने अनुमान गरिएको छ । आधार शिविरदेखि माथिल्लो भागसम्मको बाटो बनिसकेपछि मात्र व्यावसायिक आरोही टोलीहरूलाई आरोहणको अनुमति दिइने छ ।

सगरमाथा क्षेत्रमा आरोहणमार्ग निर्माण तथा मर्मतका लागि एसपिसिसीले विदेशी आरोहीहरूबाट शुल्क लिँदै आएको छ । प्रत्येक विदेशी आरोहीबाट ६०० अमेरिकी डलर लिने व्यवस्था छ । यो शुल्क मार्ग निर्माण, मर्मत तथा वातावरणीय सरसफाइका लागि प्रयोग गरिन्छ । एसपिसिसीले आरोहण अनुमति जाँच गर्नाका साथै आधार शिविर क्षेत्रमा वातावरण संरक्षणसम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

सगरमाथा आरोहणका लागि बाटो निर्माण गर्ने यी 'आइसफल डाक्टर'हरूले जोखिम मोलेर हिउँको पुल बनाउने, आरोहीहरूको सुरक्षाका लागि मार्ग पहिल्याउने र अत्यधिक जोखिमपूर्ण क्षेत्रमा आधारभूत संरचना तयार गर्ने काम गर्छन् । 'उनीहरूविना आरोहीहरूको सफल यात्रा कल्पनै गर्न सकिँदैन । हामीले बाटो बनाउने र सरसफाइ गर्ने सबै काम गर्छौं । पर्यटन मन्त्रालयसँगको सम्झौताअनुसार हाम्रा दायित्व पूरा गरिरहेका छौं । हाम्रो आम्दानीको मुख्य स्रोत नै यही शुल्क हो,' एसपिसिसी अध्यक्ष शेर्पाले भने ।

## सगरमाथा आरोहणको तयारी तीव्र

वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणको तयारी तीव्र पारिएको छ । आरोहीहरूको सुविधाका लागि आवश्यक सबै कार्य अघि बढाइएको छ भने सुरक्षालाई उच्च प्राथमिकता दिइएको छ । वातावरण संरक्षणको दृष्टिकोणलेसमेत एसपिसिसीको टोली सक्रिय रहेको छ । यस वर्ष आरोहण मौसममा कति आरोहीहरू सगरमाथा चढ्ने छन् भन्ने विषयमा अझै निश्चित तथ्यांक आइसकेको छैन तर विगतका वर्षहरूसँग तुलना गर्दा ठूलो संख्यामा आरोहीहरू आउने अपेक्षा गरिएको छ ।

'यस वर्ष पनि सगरमाथा आरोहणमा ठूला व्यावसायिक टोलीहरू आउने सम्भावना छ । हामीले आधार शिविरमा पूर्वाधार निर्माण तथा आरोहीहरूको सुरक्षाका लागि आवश्यक तयारी गरिरहेका छौं । हिमाली पर्यटन नेपालको अर्थतन्त्रका लागि अत्यन्तै महत्त्वपूर्ण भएकाले हामी सबैसँग समन्वय गरेर सुरक्षित आरोहणको वातावरण सिर्जना गर्नेछौं,' अध्यक्ष शेर्पाले भने ।

यस्तै, पर्यटन व्यवसायी बलबहादुर दर्नाल मौसम अनुकूल रह्यो भने यो सिजन निकै सफल हुने बताउँछन् । 'हामी यो वर्ष पनि ठूलो संख्यामा आरोहीहरू आउने अपेक्षा गर्दै छौं । सुरक्षित आरोहणका लागि मार्ग निर्माण, सरसफाइ, वातावरण संरक्षण तथा आवश्यक तयारी गरिरहेका छौं । यो सिजन पनि सफल हुने विश्वास छ,' उनले भने ।

सगरमाथा आरोहणमा संलग्न सबै निकायहरू पूर्णरूपमा तयारीमा जुटेका छन् । आरोहीहरूको सुविधाका लागि आधार शिविरदेखि माथिल्लो भागसम्म आवश्यक उपकरण, खाद्यसामग्री र सञ्चार सुविधाहरू उपलब्ध गराइँदै छ । स्थानीय शेर्पा गाइडहरूलाई विशेष तालिम प्रदान गरिएको छ भने हिमाली वातावरणको दीर्घकालीन संरक्षणका लागि विभिन्न नीति तथा कार्यान्वयन योजनाहरू अघि सारिएको छ । *रासस*

# जीवन्त इतिहास बोकेको भक्तपुरको जुद्ध बारूणयन्त्र

▶▶ रमेश गिरी/भक्तपुर

भक्तपुर, काठमाडौं, ललितपुरदेखि काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको तातोपानीसम्म सेवा दिँदै आएको भक्तपुरका दमकलले अहिले पनि आवश्यक पर्दा जुनसुकै ठाउँमा सेवाका लागि तयार रहँदै आएको छ । यहाँ रहेका पुराना गाडीहरू जीर्ण भएर थन्किएको अवस्थामा रहेकाले पुराना र नबने तथा नचल्ने अवस्थामा पुगेका दमकललाई यहीँ एक संग्रहालयको रूपमा विकास गरेर राख्नसके यसको इतिहासलाई सधैं जीवित राख्न सकिने जुद्ध वारूणयन्त्र कार्यालय भक्तपुरका प्रमुख विजयप्रसाद धौभडेल बताउँछन् ।

नेपालको पहिलो दमकल सेवा जुद्ध बारुणयन्त्र कार्यालय हो । काठमाडौंमा तत्कालीन राणा शासनकालमा जुद्धशमशेर राणाले आफ्नै नाममा १०९४ सालमा स्थापना गरेसँगै भक्तपुरमा पनि २००१ सालमा स्थापना गरिएको थियो । राणाकालमा अग्नि नियन्त्रणका लागि स्थापना गरिएको जुद्ध बारुण यन्त्रको इतिहास काठमाडौं र ललितपुरमा नरहे पनि भक्तपुरमा भने अझै पनि सेवाकालीनरूपमै रहेको छ ।

गृह मन्त्रालयअन्तर्गत रहेको यस कार्यालय विपद् जोखिम व्यवस्थापन प्राधिकरणअन्तर्गत लैजानेगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले देशभरका ७५३ वटा स्थानीय तहमै दमकल राख्नुपर्ने व्यवस्था गरेपछि काठमाडौंस्थित जुद्ध बारुण यन्त्र कार्यालयले काठमाडौं महानगरपालिकालाई र ललितपुरस्थित जुद्ध बारुणयन्त्र कार्यालयले ललितपुर महानगरपालिकालाई दमकल हस्तान्तरण गरेका थिए । तर भक्तपुर नगरपालिकाले भने जुद्ध बारुण यन्त्रका दमकल आफूले जिम्मेवारी नलिने बताए पनि निकै समय अन्योलको अवस्थामा रहेको भक्तपुर कार्यालयमा मध्पुरथिमि नगरपालिकाले एक, सूर्यविनायक र चाँगुनारायण नगरपालिकाको संयुक्त लगानीमा एक गरी दुईवटा दमकल खरिद गरी कार्यालयलाई हस्तान्तरण गरेको थियो ।

ती तीनवटै पालिकाले दमकलसँगै हरेक वर्ष ती दमकलको मर्मतसम्भार र लाग्ने आवश्यक इन्धनको समेत व्यवस्था गर्दै आए पनि भक्तपुर नगरपालिकाले भने सेवा लिए पनि कुनै दायित्व बहन भने गरेको छैन । २००१ सालमा तीन रोपनी सात आना क्षेत्रफलमा भवन निर्माण गरेर सञ्चालनमा ल्याएको जुद्ध बारुणयन्त्रले स्थापनाको ८१ वर्षमा बल्ल सुविधा सम्पन्न नयाँ भवन पाएको छ ।

जुद्ध वारुणयन्त्र कार्यालय भक्तपुरका प्रमुख विजयप्रसाद धौभडेल यहाँको दमकललाई पनि भक्तपुर नगरपालिकालाई हस्तान्तण गर्न खोजेको, पटक-पटक तत्कालीन प्रमुख जिल्ला अधिकारीसँगको नेतृत्वमा नगरपालिकासँग छलफल गर्दा पनि भक्तपुर नगरपालिकाले दमकलको जिम्मेवारी लिन नमानेपछि गृह मन्त्रालयअन्तर्गत नै भक्तपुर दमकलले जुद्ध वारुणयन्त्रको इतिहास जीवन्त राखेको बताउँछन् ।

भक्तपुरको दमकललाई गृह मन्त्रालय, मातहत कार्यालय, सहयोग गर्ने नगरपालिका, सहयोगी विभिन्न संघसंस्था एवं प्रतिष्ठान, स्वदेशी तथा विदेशी निकायको सहयोग गरिरहेका छन् । जीर्ण र पुरानो भवनमा लामो समय व्यतीत गर्दै धेरै आरोहअवरोह र चुनौती पार गरी जुद्ध बारुणयन्त्र भक्तपुरले जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्नो सेवालाई कुनै



कमी हुन नदिएको उनी बताउँछन् ।

कार्यालय प्रमुख धौभडेल भन्छन्, 'मेरो जीवनको ३९ वर्ष यहीँ कार्यालयमा विभिन्न पदमा रहेर सेवा गरिरहँदा जीर्ण पानी चुहिने भवनमा थोत्रा दमकलले पनि सेवालाई कमी हुन दिएनौं, नगरपालिकाले नयाँ दमकल दिएपछि धेरै राम्रो भयो । भवन निर्माणको सबै विवादलाई विभिन्न चरणको छलफलबाट सहमति गर्दै नयाँ भवन बनाउन सफल भएका छौं । जुद्ध बारुणयन्त्रको इतिहास अब यहाँ सधैं जीवन्त र सेवा निरन्तरता रहन्छ ।' पुरानो, जीर्ण र साँघुरो भवन २०७२ सालको भूकम्पले थप क्षति पुर्‍याएपछि जोखिम मोलेरै पनि कार्यालय सञ्चालन गर्दै आएको अवस्थामा नयाँ भवन निर्माणका लागि सरकारसँग पटक-पटक गरेको आग्रहपछि भवन बन्ने त भयो तर जग्गा आफ्नो नाममा नहुँदा थप समस्या आएको उनी स्मरण गर्छन् ।

दमकल रहेको जग्गा पनि नेपाली सेनाको नाममा पुगेपछि पटक-पटकको छलफल र सहमतिबाट भवन रहेको जग्गा सरकारसँग लिजमा लिने प्रक्रिया पूरा गर्नेदेखि उक्त जग्गामा नयाँ भवन निर्माण गर्न भक्तपुर नगरपालिकाबाट नक्सापासमा गरेको ढिलाइलाई बिर्सन कठिन भएको यहाँका कर्मचारी बताउँछन् । सरकारले भवन निर्माण गर्न बजेटको व्यवस्थापन गर्दा पनि कार्यालयबाट पछाडि बस्तीमा जाने सडक साँघुरो भएकाले निम्तिएको जटिलता पन्छाएर फराकिलो सडक निर्माण गरेर नक्सापास गर्दै नयाँ भवन निर्माणमा भएको ढिलाइले भूकम्पले जीर्ण बनेको भवनमा ज्यान जोखिम राखेर सेवामा तल्लिन रहनुपरेको कठिन क्षणलाई नयाँ भवनले धेरै हदसम्म बिर्साइदिएको कर्मचारी बताउँछन् ।

कार्यालय प्रमख धौभडेल भन्छन्, 'कार्यालय प्रमुखको हैसियतले मेरो धरै प्रयत्न, स्थानीयवासी र नगरपालिकासँगको पटक-पटकको छलफलबाट निकास निकाल्दै पछाडि बस्तीमा जाने सडक फराकिलो पार्न केही जग्गा छाडेर सहमति गरेपछि बल्ल नक्सापास गरेर नयाँ भवन निर्माणको प्रारम्भिक प्रक्रिया अगाडि बढाएर अहिलेको नयाँ भवनमा आइपुगेका हौं, अब गृहमन्त्री रमेश लेखकबाट उद्घाटन गराउन हामी उनलाई कुरिरहेका छौं ।'

मन्त्रिपरिषद्बाट आगामी ५० वर्षका लागि जुद्ध बारुणयन्त्र भक्तपुरका लागि जग्गा लिजमा प्राप्त भएसँगै नेपाल सरकारको बजेटमा सहरी विकास तथा भवन निर्माण विभाग, सघन सहरी तथा भवन निर्माण आयोजना बबरमहल काठमाडौंले २०७७ साउन ६ गते ठेक्का सम्झौता गरी भवन निर्माण सुरु भएको थियो । 'अहिले नयाँ भवन निर्माण सम्पन्न भएर यहीँ भवनबाट कार्यालय सञ्चालन गर्न पाउँदा ती दिनमा हामीले भोगेका कठिनाइ, संघर्ष र प्रयत्नलाई बिर्सेर हामीले देखेका सपना पूरा भएकाले साह्रै खुसी लागेको छ,' उनी भन्छन् ।

नेपाल सरकारको कूल पाँच करोड ७६ लाख ९८ हजार रूपैयाँको लागतमा निर्माण सम्पन्न भएर २०८१ कात्तिक १ गते सघन सहरी तथा भवन निर्माण आयोजनाले यस कार्यालयलाई हस्तान्तरण गरेको छ । नयाँ भवनबाट कार्यालय सञ्चालनमा आए पनि उद्घाटनमा फेरि ढिलाइ भएको छ ।

## यस्ता छन् दमकलको अवस्था

स्थापनाकालमा तत्कालीन सरकारले २००१ सालमा उपलब्ध गराएको डज दमकल अहिले नचल्ने अवस्थामा छ । त्यसपछि २०२४ सालमा बेलायत सरकारले उपलब्ध गराएको डेनिस गाडी मर्मत गरेर चलाउन सकिने अवस्थामा रहेको छ । २०३६ सालमा तत्कालीन सरकारबाट उपलब्ध गराएको म्याग्रस गाडी इञ्जिन फेरेर चलाउन सकिने अवस्थामा रहेको छ भने २०३२ सालमा सरकारले उपलब्ध गराएको पानीटचांकी, २०५८ सालमा सिद्धिस्मृति प्रतिष्ठानमार्फत उपलब्ध गराएको जर्मन गाडी, २०७३ मा मध्यपुरथिमि नगरपालिकाले खरिद गरी उपलब्ध गराएको दमकल र २०७९ सालमा सूर्यविनायक र चाँगुनारायण नगरपालिकाले संयुक्तरूपमा खरिद गरी उपलब्ध गराएको दकमलमध्ये अहिले मध्यपुरथिमि नगरपालिका र सूर्यविनायक तथा चाँगुनारायण नगरपालिकाले उपलब्ध गराएको दुईवटा दमकल तथा दुईवटा व्याकअपका लागि पानीटचांकी चालु अवस्थामा रहेको कार्यालय प्रमुख धौभडेल बताउँछन् ।

यहाँ रहेका पुराना गाडीहरू जीर्ण भएर थन्किएको अवस्थामा रहेकाले पुराना र नबने तथा नचल्ने अवस्थामा पुगेका दमकललाई यहीँ एक संग्रहालयको रूपमा विकास गरेर राख्नसके यसको इतिहासलाई सधैं जीवित राख्न सकिने उनी बताउँछन् । नगरपालिकाले उपलब्ध गराएको दुईवटा दमकलका लागि आवश्यक इन्धन, जोखिम भत्ता, मर्मत खर्च तीन नगरपालिकाले व्यहोर्दै आएको छ ।

भक्तपुर, काठमाडौं, ललितपुरदेखि काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको तातोपानीसम्म सेवा दिँदै आएको भक्तपुरका दमकलले अहिले पनि आवश्यक पर्दा जुनसुकै ठाउँमा सेवाका लागि तयार रहँदै आएको छ । कार्यालयमा ३२ दरबन्दी स्वीकृत रहेकोमा १५ जना फायर म्यान, चार जना भारी सवारी चालक, दुई जना हबल्दार र दुई जना क्लिफर, एक नासु, एक खरिदार, एक सहायक कम्प्युटर अपरेटर, एक सहलेखापाल र तीन कार्यालय सहयोगी रहेकामा अन्य पद रिक्त छन् भने २३ जना कर्मचारीलाई करार सेवामा रहेका छन् ।

कर्मचारीका लागि आवश्यक सुरक्षा तालिम, आवश्यक जोखिम सामग्रीका व्यवस्थापन गर्दै आए पनि करार कर्मचारी र यहाँको कर्मचारी एवं कार्यालय सञ्चालनका लागि थप बजेटको आवश्यकता रहेको छ । कर्मचारीलाई आगजनी नियन्त्रणका बेला सुरक्षित पार्नु आवश्यक रहेको कार्यालय प्रमुख धौभडेलले बताए । कार्यालयले आगो नियन्त्रण, इनारमा खसेका मानिसको उद्धार र ग्यासलगायत विभिन्न क्षेत्रमा हुने आगलागी नियन्त्रणमासमेत तालिम र अन्य सेवा दिँदै आएको उनी बताउँछन् । *रासस*

# निसीखोला मा 'मगर खाम भाषा'को स्थानीय पाठ्यपुस्तक पढाइ




**ढोरपाटन (प्रस)–** बागलुङको निसीखोला गाउँपालिकाले 'मगर खाम भाषा'को स्थानीय पाठ्यपुस्तक पठनपाठन गराउन थालेको छ । गाउँपालिकाले यस वर्षदेखि गेमी (हाम्रो) निसीखोला नाम पाठ्यपुस्तक तयार गरेर पठनपाठन गराउन थालेको हो । सात वडा रहेको निसीखोलामा वडा नं ५ र ६ मा मात्र खाम भाषा बोल्ने गरिन्छ ।

अन्य वडामा भने नेपाली भाषामै पाठ्यपुस्तक तयार गरेर लागू गरेको निसीखोला गाउँपालिकाका शिक्षा शाखा प्रमुख विष्णुप्रसाद न्यौपानेले जानकारी दिए । उनका अनुसार अन्य वडाका विद्यालयमा पढाइ हुने विषयवस्तु एउटै भए पनि दुई वटा वडाका १६ विद्यालयमा 'मगर खाम भाषा' पाठ्यपुस्तक पढाइ हुने गरेको छ ।

पालिकाभर ४५ विद्यालय भए पनि २९ विद्यालयमा नेपाली भाषामा पढाइ हुने उनले बताए । अहिले कक्षा १ मा स्थानीय पाठ्यपुस्तक लागू गरेको भन्दै शैक्षिकसत्र २०८२ मा कक्षा २ र ३ मा पनि पठनपाठन गराउने शाखा प्रमुख न्यौपाने बताउँछन् । सोहीअनुसार पाठ्यपुस्तक छपाइको काम भइरहेको उनले जानकारी दिए ।

न्यौपानेले भने, 'निसीखोलामा विभिन्न जातजातिका बसाइ छ, यहाँ खासगरी वडा नं ५ र ६ मा मगर खाम भाषा बोल्ने गर्नुहुन्छ, अन्य वडामा त्यो भाषा बोल्नुहुन्छ, अहिले हामीले लागू गरेको पाठ्यपुस्तकको विषयवस्तु सबै एउटै हो, वडा नं १, २, ३, ४ र ५ का बालबालिकाले नेपालीमै पढ्छन् भने दुईवटा वडाका विद्यार्थीले मगर खाम भाषामा पढ्छन् ।'

न्यौपानेले कक्षा १ देखि ८ सम्म पाठ्यक्रम तयार भएको भन्दै पाठ्यपुस्तक प्रत्येक वर्ष छपाइ गर्ने र लागू गर्दै जाने बताए । खाम भाषाको पुस्तक तयार गर्न मगर प्रतिष्ठानबाट चार जना र स्थानीय सात जना विज्ञ परिचालन गरेको उनको भनाइ छ । पाठ्यपुस्तक तयार गर्न केही अप्ठ्यारो परेको न्यौपानेले सुनाए ।

पाठ्यपुस्तकमा निसीखोलाको जनजीवन, पर्यटन, परम्परा, संस्कृति, कृषि, पशुपालनलगायत विषयवस्तु समावेश गरिएको छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले खाम भाषा संकटमा पर्न थालेपछि संरक्षणका लागि पाठ्यपुस्तक बनाएर विद्यालयमा पढाउन थालेको बताए । पछिल्लो समय बालबालिकालाई सहरबजार लगेर पढाउने प्रचलन बढेपछि खाम भाषा लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ । गाउँपालिकाले भाषा संरक्षणका लागि विज्ञसमेत खटाएर पाठ्यक्रम र पाठ्यपुस्तक बनाउन थालेको अध्यक्ष घर्तीमगरले बताए ।

# सोलुखुम्बुमा भाइरल संक्रमण, फाप्लु अस्पतालमा क्षमताभन्दा बढी बिरामी

■ सुवास दर्नाल



**सोलुखुम्बु–** हिमाली जिल्ला सोलुखुम्बुमा भाइरल संक्रमणको प्रकोप उच्च भएको छ । पछिल्ला केही सातायता जिल्लाका विभिन्न स्थानमा भाइरल ज्वरो, रूघाखोकी, दम, निमोनिया, झाडापखाला, टाउको दुख्ने तथा श्वासप्रश्वाससम्बन्धी समस्याबाट ग्रसित बिरामीको संख्या अत्यधिक बढिरहेको छ ।

स्वास्थ्य कार्यालयका अनुसार बिरामीको चाप असामान्य रूपमा वृद्धि भएको छ । जसले गर्दा जिल्लाको प्रमुख स्वास्थ्य केन्द्र फाप्लु अस्पतालको सेवा प्रवाहमा कठिनाइ सिर्जना भएको छ । जिल्ला अस्पताल फाप्लुमा दैनिक एक दर्जनभन्दा बढी बिरामी भाइरल संक्रमणका कारण उपचारका लागि पुगिरहेका छन् । १५ शयचा क्षमताको यस अस्पतालमा अहिले ५० जनाभन्दा बढी बिरामी भर्ना गरेर उपचार गराइरहेको अस्पताल प्रशासनले जनाएको छ । जसका कारण जनशक्ति व्यवस्थापनमासमेत चुनौती सिर्जना भएको अस्पतालकी निमित्त प्रमुख सानी शेर्पाले बताइन् ।

उनका अनुसार अस्पतालका सबै बेड भरिएका छन्, जसका कारण सुत्केरी कक्षका बेडसमेत अन्य बिरामीलाई उपचार दिन प्रयोग गरिएका छन् । 'अस्पतालमा भर्ना भएका अधिकतम बिरामी भाइरल संक्रमणकै हुन् । जनशक्ति कम छ, तर बिरामीको चाप अत्यधिक छ । अहिले हामीले उपलब्ध सबै स्रोतसाधन परिचालन गरिरहेका छौं,' शेर्पाले भनिन् ।

ओपिडीका बिरामीलाई पनि अक्सिजन

अस्पतालमा आउने अधिकांश बिरामी गम्भीर अवस्थाका छन् । डाक्टरहरूका अनुसार ज्वरो, दम, निमोनिया र श्वासप्रश्वास समस्याले ग्रसित बिरामीलाई अक्सिजन नै दिनुपर्ने अवस्था छ । 'अस्पतालका सबै बेड भरिएका छन् । सुत्केरी कक्षका बेडमासमेत अन्य बिरामी राखेर उपचार गराइरहेका छौं । यदि बिरामीको संख्या अझै बढे, हामीलाई भुइँमा राखेर उपचार गर्नुपर्ने अवस्था आउन सक्छ,' डा. रामबाबु जोशीले भने ।

भाइरल संक्रमणबाट प्रभावित हुनेमा सबैभन्दा बढी बालबालिका र वृद्धवृद्धा रहेका डा. जोशीले बताए । स्वास्थ्य कार्यालयका अधिकारीले बालबालिकालाई विशेष सावधानी अपनाउन आग्रह गर्दै स्वास्थ्य समस्याबाट जोगिन पर्याप्त पानी पिउने, भीडभाडबाट टाढा रहने, मास्क लगाउने र व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्ने सुझाव दिएका छन् । फाप्लु अस्पतालमा जनशक्ति तथा आवश्यक औषधिको अभावले थप समस्या निम्त्याएको छ ।

दुर्गम क्षेत्र भएकाले स्वास्थ्यकर्मी सीमित छन्, तर बिरामीको चाप अत्यधिक हुँदा उपचार प्रभावकारीरूपमा दिन कठिन भइरहेको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालकी डाक्टर श्रेया पंगेनीका अनुसार भाइरल ज्वरो एकअर्काबाट सजिलै फैलिने भएकाले सावधानी अपनाउनुपर्ने आवश्यकता छ ।

भवन सुविधासम्पन्न, जनशक्ति अभाव

साना साँघुरा टहराबाट विगत ५४ वर्षदेखि स्वास्थ्य सेवा प्रदान गर्दै आएको सोलुखम्बुको जिल्ला अस्पताल फाप्लुको सुविधासम्पन्न भवन तयार भएको छ । विविध कारणले वर्षौंदेखि बन्न नसकेको भवन सोलुदूधकुण्ड नगरपालिकाका प्रमुख नाम्गेलजाङबु शेर्पाले सरोकारवाला निकायमा पहल र समन्वय बढाएपछि भवन निर्माण भएको हो ।

जिल्ला समन्वय समितिका प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद निरौला र सोलुदूधकुण्ड नगरपालिकाका प्रमुख शेर्पाले बुधबार संयुक्तरूपमा उद्घाटन गरेपछि लिफ्टसहितको अपांगतामैत्री नयाँ भवनबाट एकीकृत स्वास्थ्य सेवा सुरू हुने भएको छ । तर जनशक्ति भने अत्यन्त कम हुँदा उपचारमा समस्या भएको अस्पतालका स्वास्थ्यकर्मी बताउँछन् ।

कोशी प्रदेश सरकारले यस अस्पताललाई १५ शयचाको मात्र स्वीकृति दिँदा सोहीअनुसार जनशक्ति रहेको अस्पतालका निमित्त प्रमुख शेर्पाले बताए । जसका कारण अस्पताल विकास समितिले आधा दर्शनभन्दा बढी कर्मचारी करारमा राखेर सेवा सञ्चालन गर्नुपरेको उनको भनाइ छ । हिमाली जिल्लाको अस्पताल भएकाले जनशक्ति कम रहे पनि बिरामीको चाप धेरै हुने भएकाले उपचारमा स्वास्थ्य उपकरण, औषधि तथा जनशक्तिको पनि अभाव झेल्नुपरेको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका जिल्ला समन्वय समिति सोलुखुम्बुका प्रमुख कृष्णप्रसाद निरौलाले अस्पतालको दरबन्दीअनुसार जनशक्ति र उपकरण व्यवस्थापनमा स्थानीय तह, प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने बताए । सोलुदूधकुण्ड नगरपालिकाका प्रमुख शेर्पाले जिल्ला अस्पताल भौतिक पूर्वाधारमा अब्बल रहेकाले सेवा प्रवाहमा चुस्त र स्तरीय बनाउन लाग्ने बताए ।

सोलुदूधकुण्ड नगरपालिका-४ मा रहेको यस अस्पतालमा जनशक्ति र आवश्यक उपकरण व्यवस्थापनमा नगरपालिकाले सहजीकरणमा सक्दो सहयोग गर्ने उनको प्रतिबद्धता छ । जिल्ला अस्पतालको सुविधासम्पन्न भवन सहरी विकास मन्त्रालयको २१ करोड २१ लाख रूपैयाँको लागतमा निर्माण भएको ३० शयचाको अस्पताल भवन २०७६ पुस २७ गतेदेखि निर्माण सुरू भई गत असार २५ गते निर्माण कम्पनीले अस्पताललाई हस्तान्तरण गरेको थियो ।

विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलो पाइला टेक्ने सर एडमन्ड हिलारीले ५४ वर्षअघि स्थापना गरेको फाप्लु अस्पताल ६४ रोपनी क्षेत्रफलमा फैलिएको छ । हालै नवनिर्मित भवन सात रोपनीमा बनेको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालको आफ्नै सुविधासम्पन्न भवन नहुँदा लामो समयदेखि पुरानो भवनबाट सेवा प्रवाह हुँदै आएको थियो । सरकारले कर्मचारीको दरबन्दी घटाउँदा सेवा प्रवाहमा चुनौतीको सामना गर्नुपरेको अस्पताल व्यवस्थापन समितिले जनाएको छ । *रासस*

## मोरङमा हात्ती आतंक

# १३ वर्षमा ११६ जनाले गुमाए ज्यान

**बेलबारी (मोरङ)–** लेटाङ नगरपालिका-९ जाँतेस्थित जंगली हात्तीको आक्रमणबाट गत फागुन २५ गते एक जनाको मृत्यु भयो । ४३ वर्षीय मनबहादुर इवाहाङ लिम्बूको घर नजिकै कोपिला सामुदायिक वनमा हात्तीले आक्रमण गर्दा घटनास्थलमै उनको निधन भएको मोरङ प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीले जानकारी दिए ।

बेलबारी-११ स्थित लक्ष्मी समुदायिक वन क्षेत्रमा दाउरा लिन जानुभएकी स्थानीय लक्ष्मी बोगटी गत फागुन २४ गते जंगली हात्तीको आक्रमणबाट घाइते हुनुभयो । भागेर ज्यान जोगाउन सफल हुनुभएकी बोगटीको हात भाँचिएको छ भने शरीरमा चोटपटक लागेको लक्ष्मी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सुजय गौतमले बताए । डिभिजन वन कार्यालय मोरङको तथ्यांकअनुसार २०६८ सालयता हात्तीको आक्रमणबाट १६ जनाको मृत्यु भइसकेको छ । यस अवधिमा नौ वटा हात्तीको मृत्यु भएको कार्यालयका वन अधिकृत घनश्याम यादवले जानकारी दिए । जसमध्ये चारवटा हात्ती प्राकृतिक कारणले, तस्करी चोरी सिकारीबाट दुईवटा, गोली हानेर एउटा, बेवारिसे एउटा र करेन्ट लागेर एउटा हात्तीको मृत्यु भएको कार्यालयले जनाएको छ ।

गत वर्षदेखि मोरङको पूर्वपश्चिम राजमार्ग क्षेत्रमा जंगली हात्तीको बिज्याइँ बढेको लक्ष्मी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सुजय गौतम बताउँछन् । 'हरेक राति जंगली हात्ती बस्तीमा छिरेर त्रसित बनाइरहेको, बालीनाली खाइदिएर कृषकलाई हैरान पारेको छ,' बेलबारी-४ काकुमका हरिप्रसाद मिश्र बताउँछन् । दिउँसो जंगलमा रहने हात्तीका हुल साँझ परेसँगै आहाराको खोजीमा बस्ती पस्ने गरेको मिश्रले बताए । हात्तीले घर भत्काइदिने, बाली खाइदिने र आक्रमण गर्ने डरले सर्वसाधारण रातभर जागा बस्नुपर्ने बाध्यता रहेको उनले बताए ।

जंगली हात्ती मानवबस्तीमा पस्न थालेपछि प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रमअनुसार 'एक समुदायिक वन एक संरक्षण पोखरी'अन्तर्गत वन क्षेत्रमा पोखरी खन्न थालिएको डिभिजन वन कार्यालयले जनाएको छ । मानव र वन्यजन्तुबीचको द्वन्द्व कम गर्नका लागि वन क्षेत्रमा करिब १५७.८ हेक्टर क्षेत्रमा खानयोग्य फलजन्य प्रजातिका बिरुवा रोपिएको डिभिजन वन कार्यालयले जनाएको छ । फलजन्य प्रजातिमा बेल, अमला, कटहर, बडहर, किम्बु, हर्रोबर्रो, सरिफा, अम्बालगायत बिरुवा रोपिएको कार्यालयले जनाएको छ । *रासस*

कुवेतमा रोजगार
कम्पनी : RELAX TIME HEALTH INSTITUTE
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320082 | चलानी नं. ६०२३४४८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage Therapist | 2 | 0 | 170 | ७६,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

युएइमा रोजगार
कम्पनी : MNT Contracting and Services WII
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320235 | चलानी नं. ६०२३४५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 24 | 62 | 800 | ३०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Cleaning Worker | 15 | 19 | 1200 | ४५,५५५ | | | | | | | |
| 3 | General Cleaning Worker | 0 | 4 | 1200 | ४५,५५५ | | | | | | | |
| 4 | Labourer (Male) | 6 | 0 | 1200 | ४५,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1408/074/75
LEADER OVERSEAS PVT.LTD.
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

युएइमा रोजगार
कम्पनी : AJWA BARBEQUE & RESTAURANT
पूर्व स्वीकृति मिति : २०८०/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 294899 | चलानी नं. ६०२१००८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping/Cleaner | 5 | 5 | 1000 | ३७,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

साउदीमा रोजगार
कम्पनी : Al Ayuni Investment & Contracting Company
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320284 | चलानी नं. ६०२३४४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Trailer Driver | 14 | 0 | 1800 | ६६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ९ गते (22nd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org
श्रम इजाजत नं. ६१९/०६३/०६४

कुवेतमा रोजगार
कम्पनी : CHOUDHARY GENERAL TRADING & CONT. W.L.L
पूर्व स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 320275 | चलानी नं. ६०२३४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic Assistant | 1 | 0 | 150 | ६७,८८६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mechanic Gen. | 2 | 0 | 200 | ९०,५१५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 120 | ५४,२८६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/ nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

मलेसियामा रोजगार
कम्पनी : PALMARA SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/१२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 302236 | चलानी नं. ६०२२८८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 110 | 0 | 1500 | ४६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३/४/५/६ गते (16/17/18/19 Mar. 2025) मा हुनेछ ।
फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८

## सुनुवार समाज बचत तथा ऋण सहकारी संस्था लि.

कोटेश्वर ३२, काठमाडौं, फोन नं.: ०१-५१४७२१९

### कर्जा चुक्ता गर्ने सम्बन्धि अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/१२/०२

यस संस्थाबाट कर्जा लिनु भएका तपशिलमा उल्लेखित ऋणीहरूले यस संस्थासँग कर्जा लिँदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्तहरू बमोजिम साँवा र व्याज रकम किस्ताबन्दीमा भुक्तानी गर्नुपर्नेमा सो किस्ताबन्दी नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त कबुलियतनामामा उल्लेखित नियमहरू उल्लंघन गर्नुभएकोले बक्यौता (साँवा, व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्न अटेर गरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त समयभित्र सम्पूर्ण साँवा, व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ । माथि उल्लेखित समयावधिभित्र ऋणीले कर्जा चुक्ता नगरेमा ऋणी तथा जमानीकर्ता आफैले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखत कबुल अनुसार ऋणीको जिम्मेवारी दायित्वमा पर्नजाने हुँदा कर्जासँग सम्बन्धित सबै पक्षहरूलाई यसै सूचनामार्फत जानकारी गराइन्छ । तोकिएको अवधिभित्र पनि साँवा, व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन, २०७४ तथा प्रचलित नेपाल कानून बमोजिम ऋणीले कर्जा लिँदा कर्जा सुरक्षण वापत लेखीदिएको धितो लिलाम बिक्री गरी कर्जा असूलउपर गरिनुका साथै धितोबाट असूलउपर नहुने अवस्था भएमा बाँकी रकम धनजमानीको अन्य श्रीसम्पत्तिबाट असूलउपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

| ऋणीको विवरण | फोटो | साक्षी जमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| नाम : धनमाया सुनुवार<br>बाबुको नाम : धन बहादुर सुनुवार<br>बाजेको नाम : अम्बर बहादुर सुनुवार<br>स्थायी ठेगाना : खिजीदेम्बा-८, साविक खिजीकाती-८<br>ना.प्र.प. नं. २९७/९८२ |  | नाम : शोभा सुनुवार<br>बाबु : राम ब. सुनुवार<br>बाजे : लाल ध्वज सुनुवार<br>ना.प्र.प.नं. ४३१५३<br>ठेगाना : भुजी-३, रामेछाप | |
| | | नाम : केवल कुमारी सुनुवार<br>बाबुको नाम : धन राम सुनुवार<br>बाजेको नाम : अम्बर बहादुर सुनुवार<br>स्थायी ठेगाना : खिजीदेम्बा-४, साविक खिजीकाती-८<br>ना.प्र.प.नं. ४१४९९/१६३९ | |
| नाम : केवल कुमारी सुनुवार<br>बाबुको नाम : धन राम सुनुवार<br>बाजेको नाम : अम्बर बहादुर सुनुवार<br>स्थायी ठेगाना : खिजीदेम्बा-४, साविक खिजीकाती-८<br>ना.प्र.प.नं. ४१४९९/१६३९ |  | नाम : शोभा सुनुवार<br>बाजे : लाल ध्वज सुनुवार<br>बाबु : राम ब. सुनुवार<br>ना.प्र.प.नं. ४३१५३<br>ठेगाना : भुजी-३, रामेछाप | |

कतारमा रोजगार
कम्पनी : SAIF TWO CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 305998 | चलानी नं. ६०२२०७४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1200 | ४५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 11 | 0 | 1200 | ४५,९१० | | | | | | | |
| 3 | Cashier | 1 | 0 | 2200 | ८४,१६८ | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2700 | १,०३,२९७ | | | | | | | |
| 5 | LABOUR | 7 | 0 | 1200 | ४५,९१० | | | | | | | |
| 6 | PLASTER WORKER | 1 | 0 | 1200 | ४५,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४३५/०६०/०६१
Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

युएइमा रोजगार
कम्पनी : TOP ONE BUILDING CLEANING
पूर्व स्वीकृति मिति : २०८१/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 305469 | चलानी नं. ६०२२०२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 10 | 800 | ३०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ चैत ९ गते (22nd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६

साउदीमा रोजगार
कम्पनी : HIKE COMPANY FOR WOOD INDUSTRIES
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320291 | चलानी नं. ६०२३४५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR LODING & UNLOAD | 1 | 0 | 1500 | ५५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HASSAN ABDUL MOHSEN ALAITHAN GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320292 | चलानी नं. ६०२३४५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Medium Duty Driver (Md Driver) | 1 | 0 | 1500 | ५५,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 706/064/065
INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com

# प्रभाव दैनिक

रूपशाला


## साहित्यकार क्षेत्रीको निधन

साहित्यकार लीलबहादुर क्षेत्रीको ९३ वर्षको उमेरमा निधन भएको छ। भारतको आसामका स्थायी बासिन्दा उनको गए राति गुवाहाटीमा निधन भएको हो। 'बसाइँ, अतृप्त र ब्रह्मपुत्रको छेउछाउ', उपन्यास, 'आसाममा नेपाली भाषाको साह्रोगाह्रो' निबन्ध सङ्ग्रह उपन्यासका साथै कथा, निबन्ध र नाटकसमेत लेखेर नेपाली भाषा साहित्यको श्रीवृद्धिमा योगदान गरेका उनी जगदम्बाश्री पुरस्कारबाट सम्मानित रहेका थिए। भानु पुरस्कारलगायत विभिन्न पुरस्कारबाट सम्मानित उनलाई भारत सरकारले सर्वोच्च नागरिक पुरस्कार पद्मश्रीबाट पनि सम्मान गरेको थियो।




शनिबार, २ चैत २०८१ (Saturday, March 15, 2025)


# 'कर्मा'को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'कर्मा'को टिजर सार्वजनिक भएको छ। निर्माणपक्षले शुक्रबार काठमाडौंमा एक कार्यक्रमबिच टिजर सार्वजनिक गरेको हो। कसैले कान फुट्ने गरी हानेपछि आफू बलियो बन्न विपिनले गरेको एक्सरसाइजसँगै टिजर सुरु हुन्छ। त्यसपछि उनी एक्सनमा उत्रिन्छन्। भन्छन्, जे जान्छ, त्यो घुमेर आउँछ।

टिजरमा टक्कर लिने विपिन कार्कीको फुलअन एक्सन देखाइएको छ। 'कर्माको खेले हो यो सबै, ...न कोही जोगियो न कोही जोगिन्छ।' यो संवादले जसरी दर्शकको ध्यान खिच्छ, त्यस्तै एक्सन छ। टिजरले चलचित्रको कथा लुकाएको छ। तर, एक्सन खुलेर देखाएको छ। बाइक स्टन्टले दर्शकको ध्यान खिच्छ।

टिजरमा विपीनको एक्सनसँगै उनको भावनात्मक पक्ष पनि देखाइएको छ। उनी परिवारकै लागि एक्सनमा उत्रिएको संकेत टिजरमा छ। टिजरमा उपासना सिंह ठकुरी, मुकुन भुसाल, दिब्यदेब, सरिता गिरी, बेन बस्नेतलगायतलाई देख्न सकिन्छ। विपिन र उपासनाको यो पहिलो सहकार्य हो। चलचित्रमा सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मा लगायतको पनि अभिनय छ। 'कर्मा'लाई सौरभ चौधरीले निर्देशन गरेका हुन्। नयाँ वर्ष २०८२ को छेको पारेर चलचित्र चैत २९ गते रिलिज हुँदै छ। नेपाल र विदेशमा यो चलचित्र एकसाथ प्रदर्शन हुनेछ।

'कर्मा'ले अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्रीको अधिकार सेभेन सिज सिनेमाले लिएको छ। चलचित्रमा भास्कर स्वाँरको संगीत , कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व र निमेष श्रेष्ठको सम्पादन छ।

# आमिर खान फेरि प्रेममा !

**काठमाडौं–** आफ्नो ६०औं जन्मदिन आज मनाउदै गरेका बलिवुड अभिनेता आमिर खान फेरि प्रेममा परेका छन्। जन्मदिनकै अवसरमा आमिरले आफ्नी प्रेमिका गौरी स्प्रेटको बारेमा मिडियामा खुलासा गरेको भारतीय मिडियाहरूले उल्लेख गरेका छन्।

आमिरले आफ्ना दुई पूर्वपत्नीहरू, रीना दत्ता र किरण रावसँग राम्रो सम्बन्ध राख्छन् र सम्बन्ध विच्छेद पछि पनि परिवार जस्तै सम्बन्धमा रहेका छन्। अब, उनी तेस्रो पटक बेंगलुरुको गौरी स्प्रेटसँग प्रेममा परेका छन्। बलिउडका मिस्टर परफेक्शनिस्टको छबि बनाएका आमिर खानले आफूलाई एक्लै बस्न मन नपर्ने र अब उनी गौरीसँग खुसी भएको बताएका छन्। पत्रकार सम्मेलनमा उनले आफ्नो सम्बन्धको बारेमा खुलेर कुरा गरेका थिए।

गौरीको बारेमा उनले पाँच विशेष कुरा भनेका छन्। पहिलो कुरा, गौरी बेंगलुरुकी बासिन्दा हुन् र कपाल काट्ने व्यवसाय गर्छिन्। दोस्रो, उनी आमिरको प्रोडक्सन हाउसमा पनि काम गर्छिन्। तेस्रो, आमिरसँगको उनको मित्रता २५ वर्ष पुरानो हो, तर उनीहरूको सम्बन्ध विगत १८ महिना देखिको छ। चौथो, गौरी विवाहित छिन् र उनको छ वर्षको छोरा छ। पाँचौं, उनको मूल तमिल र आयरिश दुवै हो।

रिपोर्ट अनुसार, आमिरले उनी र गौरीबीच २५ वर्ष अघि भेट भएको बताएका छन् तर पछि सम्पर्क टुटेको थियो। अब उनीहरू फेरि भेटेका छन् र सँगै छन्।

उनले गौरीलाई फिल्म उद्योगको दुनियाँको लागि तयार पारिरहेको र उनको सुरक्षाको लागि व्यक्तिगत गार्ड पनि राखेको बताए। आमिरले गत बुधबार गौरीलाई आफ्ना साथी शाहरूख खान र सलमान खानसँग पनि परिचय गराएको बताएका छन्।

# सिड्नीमा नेपथ्यको शो थपियो

■ प्रभाव संवाददाता



**सिड्नी–** कन्सर्टका लागि तोकिएको मितिभन्दा तीन साताअगावै अनलाइनबाट साढे पाँच हजार अर्थात् सम्पूर्ण टिकट बिक्री भएपछि नेपथ्य ब्यान्डले सिड्नी सहरका लागि उत्तिकै क्षमताको दोस्रो शो घोषणा गरेको छ। अस्ट्रेलियाको शृंखलाबद्ध यात्रामा रहेको नेपथ्य आगामी चैत १६ (मार्च २९) मा सिड्नीस्थित 'होर्डन पभिलियन' मा प्रस्तुत हुँदै थियो। अब भने अर्को दिन अर्थात् चैत १७ (मार्च ३०) मा पनि नेपथ्य त्यसै हलमा उपस्थित हुनेछ।

राजधानी क्यानबेराबाट महिना दिन लामो शृंखलाबद्ध यात्रा सुरु गरेको नेपथ्यले पर्थमा दोस्रो कन्सर्ट गरिसकेको छ। दुवै सहरमा भएको कन्सर्टको चर्चासँगै सिड्नीमा टिकटको माग बढेको थियो। सिड्नीका लागि भएभरका टिकट निकै अगाडि बिक्री भइसकेपछि स्थानीय आयोजक टीआरएन इभेन्ट्स र नेपथ्यलाई व्यवस्थापन गर्दै आएको संस्था नेपालयले थप शो घोषणा गरेका हुन्।

नेपालयले यसलाई आफूहरूले नेपाली संगीत क्षेत्रकै निम्ति सुखद खबरका रूपमा लिएको जनाएको छ। कार्यक्रम आयोजनाको व्यवस्थापकीय चुनौती उल्लेख गर्दै नेपालयका किरणकृष्ण श्रेष्ठ भन्छन्, 'कलाकारको लोकप्रियता र दर्शकको मागको समीकरण आकलन गर्दै कस्तो र कति क्षमताको स्थानमा कन्सर्ट गर्ने भन्ने चुनौती रहने गर्छ। त्यसै आधारमा आयोजनास्थलबारे व्यवस्थापकीय निर्णय लिनुपर्ने हुन्छ।'

अस्ट्रेलियाको एकपछि अर्को सहरमा आयोजित नेपथ्यको कन्सर्टको चर्चाले दर्शकको चासो ह्वात्तै बढेको स्थानीय आयोजक टीआरएनका प्रदीप पाठक बताउँछन्। 'यसै कारण भएभरका टिकट चाँडै बिक्री भए। अरू दर्शकको आकांक्षालाई सम्मान गर्दै थप शो घोषणा गर्ने जमर्को गरेका हौं,' उनले भने।

नेपथ्य आगामी प्रस्तुतिका लागि ब्रिसबेन पुगिसकेको छ। यसपछि क्रमशः होबार्ट, एडिलेड र मेलबर्न सहरमा आफूलाई उभ्याएर ब्यान्ड सिड्नी पुग्नेछ।

सिड्नीस्थित विश्वविद्यालयको प्रेक्षालयमा सन् २००९ मा पहिलो पटक प्रस्तुत भएर अस्ट्रेलिया अनुभव थालनी गरेको नेपथ्यले त्यसपछि दुई हजार दर्शक क्षमताको 'टाउनहल' मा आफूलाई उभ्याएको थियो। टाउनहलमा क्षमताभन्दा धेरै दर्शक आएपछि केही बेरसम्मै सिड्नी सहरको मुटुमा रहेको त्यो भेग प्रहरीले नियन्त्रणमा लिनुपर्ने गरी अस्तव्यस्त बन्न पुगेको थियो। त्यसपछि केही समयसम्मै लगातार तीन हजार दर्शक क्षमताको लुनापार्कस्थित 'बिग टप' हलमा नेपथ्यले प्रस्तुति दिएको थियो।

नेपथ्य सन् २०२३ मा साढे पाँच हजार दर्शक क्षमताको हल 'होर्डन पभिलियन' मा प्रस्तुत भएको थियो। त्यति बेला आँटै गरेर ठूलो हल चयन गर्दा पनि भएभरका सबै टिकट बिक्री भएका थिए। त्यसै अनुभवका आधारमा यसपाला पनि उही हल छनोट गरिएको थियो। तर शो सुरु हुन निकै समय बाँकी छँदै भएभरका टिकट अनलाइनबाट बिक्री भएका छन्।

पहिलोमा जस्तै सिड्नीको दोस्रो शोमा पनि घोषणालगत्तै टिकट काट्नेलाई 'अर्ली बर्ड बुकिङ' अन्तर्गत सहुलियत दर व्यवस्था गरिएको स्थानीय आयोजकले जनाएको छ। दोसो शोको टिकट मार्च १२ बुधबार सिड्नी समय अपराह्न ४ बजेदेखि खुला गरिएको छ।



**महिला टी-२० आई शृंखला**

# हङकङविरुद्ध सान्त्वना जित



**काठमाडौं (प्रस)–** युगान्डामा जारी महिला टी-२० अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपालले हङकङलाई ६ विकेटले पराजित गरेको छ।

युगान्डाको इन्टेबे क्रिकेट मैदानमा जारी खेलमा 'टस' जितेर पहिला 'ब्याटिङ' गरेको हङ्कङले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १०४ रन बनायो। नेपालले १०५ रनको विजयी लक्ष्य १९ दशमलव ३ ओभरमा चार विकटको क्षतिमा पूरा गऱ्यो।

नेपालका लागि सम्झना खड्काले ४७ रन बनाइन्। उनले ४३ बल खेल्ने क्रममा तीन चौका हानिन्। यस्तै पूजा महतोले अविजित २० तथा कप्तान इन्दु बर्माले १८ रन बनाइन्।

बलिङतर्फ हङकङकी मेहकदीप कौर र लिया वाङ कीले एक एक विकेट लिइन्।

यसअघि हङकङका लागि १०४ रन बनाउने क्रममा शान्जिन शहजदले सर्वाधिक ५४ रन बनाइन्। उनले ४७ बलमा पाँच चौका र एक छक्का प्रहार गरिन्। त्यसैगरी, करी चानले १६ तथा यास्मिन दासवानीले १४ रन जोडिन्।

बलिङतर्फ नेपालकी राजमती ऐरीले तीन, कप्तान इन्दु बर्माले दुई तथा पूजा महतो र ईश्वरी विष्टले एक-एक विकेट लिइन्।

# स्पोर्ट्स अवार्डको दुई विधाको मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**धनगढी–** यही चैत ७ गते धनगढीमा आयोजना गर्न लागिएको 'छैटौं एसपीए सुदूरपश्चिम स्पोर्ट्स अवार्ड २०८१'को दुई विधाको मनोनयन सार्वजनिक गरिएको छ। आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले सुदूरपश्चिम आइकन पुरूष र महिला विधाको मनोनयन सार्वजनिक गरेको हो। सुदूरपश्चिम आइकन पुरूष विधातर्फ कबडीका खगेन्द्र जोशी, पौडीका अथर्व सिंह र क्रिकेटका हेमन्त धामी मनोनयनमा गरेको छनोट समितिका संयोजक सीताराम ओझाले जानकारी दिए।

जोशी बङ्गलादेशमा सम्पन्न पुरूष अन्तरराष्ट्रिय कबड्डीमा नेपाल उपविजेता बन्दा टोलीका सदस्य थिए। पौडीका सिंह वर्ल्ड एक्वेटिक्स च्याम्पियनसिपको छनोट प्रतियोगितामा नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्न सफल भएका थिए। सन् २०१३ को दक्षिण एसियाली खेलकुद सागमा बनेको कीर्तिमान उनले भङ्ग गरेको आयोजक खेलकुद पत्रकार मञ्चले जनाएको छ।

पौडीतर्फ राष्ट्रिय प्रतियोगितामा सुदूरपश्चिम प्रदेशलाई पदक जिताउने सिंह एक्ला खेलाडी हुन्। उनले वर्ष २०८१ मा दुई स्वर्ण, दुई रजत र तीन कास्य गरी सात पदक जितेका थिए। क्रिकेटका धामी यु-१९ एसिया कपमा अफगानिस्थानमाथि जित दर्ता गराउन उत्कृष्ट प्रदर्शन गर्ने नेपाली टिमका कप्तान हुन्।

सुदूरपश्चिम आइकन महिला विधामा करातेकी मनिषा बोहरा, कबडीकी मनिषा जोशी र क्रिकेटकी सावित्री धामी मनोनयनमा परेका छन्। बोहरा भुटानको थिम्पुमा भएको आठौं दक्षिण एसियाली कराते प्रतियोगितामा नेपाललाई स्वर्ण पदक जिताउने खेलाडी हुन्। कबड्डीकी जोशी इरानमा भएको छैटौं एसियन महिला कबड्डी च्याम्पियनसिपमा नेपालले कास्य पदक जित्ने टोलीकी सदस्य हुन्। क्रिकेटकै सावित्री धामी १९ वर्षमुनिको सुशील कोइराला मेमोरियल क्रिकेटमा उत्कृष्ट खेलाडी भएकी थिइन्। उनी मैयादेवी महिला क्रिकेटमा उत्कृष्ट ब्याट्सम्यान भएकी थिइन्।

खेलकुद पत्रकार मञ्च कैलालीका अध्यक्ष प्रदीप पाठकले दुवै विधाका विजेता खेलाडीलाई जनही रू २० हजारसहित ट्रफी प्रदान गरिने बताउनुभयो। छैटौं संस्करणको अवार्डमार्फत वर्ष २०८१ मा उत्कृष्ट प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी र प्रशिक्षकलाई अवार्ड प्रदान गर्न लागिएको छ।

सुदूरपश्चिम आइकन महिला तथा पुरूषसँगै उत्कृष्ट खेलाडी पुरूष र महिला, उत्कृष्ट प्रशिक्षक, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्ड विधामा अवार्ड प्रदान गर्न लागिएको छ।

उत्कृष्ट खेलाडी पुरूष र महिला विधाका विजेतालाई जनही रू ३५ हजार, उत्कृष्ट प्रशिक्षकलाई रू ३० हजार, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्डका विजेतालाई जनही रू २५ हजारबाट पुरस्कृत गर्न लागिएको छ। सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् मुख्य प्रवर्द्धक रहेको स्पोट्स अवार्डको मुख्य प्रायोजन सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपीए) धनगढीले गरेको छ।

# फ्रिस्टाइल चेसमा क्षितिज च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा पहिलोपल्ट आयोजित नयाँ स्वरूपको प्रतियोगिता 'हिमालयन फ्रिस्टाइल चेस च्याम्पियनसिप' को उपाधि फिडे मास्टर (एफएम) क्षितिज भण्डारीले जितेका छन्। उनले फाइनलमा क्यान्डिडेट मास्टर (सिएम) मिलन लामालाई शुक्रबार पराजित गर्दै उपाधि जितेका हुन्।

'बेस्ट अफ थ्री' को आधारमा होटल रोयल सिंगी, दरबारमार्गमा आयोजित फाइनलमा क्षितिजले सुरुआती दुवै खेल जितेर २-० ले मिलनको चुनौती समाप्त पार्दै सफलता हात पारेका हुन्। उनले सेमिफाइनलमा पुनम प्रसाईंलाई पराजित गरेका थिए भने मिलनले सुजन काफ्लेलाई हराएर उपाधि होडको यात्रा तय गरेका थिए।

पूर्वविश्व चेस च्याम्पियन रबी फिसरले सुरु गरेको फ्रिस्टाइल चेसको प्रतियोगिता नेपालमै पहिलोपल्ट आयोजना गरिएको आयोजक हिमालयन चेस एकेडेमीले जनाएको छ। यसमा उपाधि विजेता क्षितिजले २५ हजार, उपविजेता मिलनले ९ हजार ६ सय, सेमिफाइनलमा रोकिएका पुनम र सुजनले समान ६ हजार चार सय रूपैयाँ प्राप्त गरे।

हिमालयन चेस एकेडेमीले आफ्नो पहिलो वार्षिकोत्सवको अवसरमा आयोजित कुल १ लाख २५ हजार रूपैयाँ पुरस्कारको अर्को प्रतियोगिता 'हिमालयन ब्लिज कप' को उपाधि राजन पुरीले जिते। स्विस प्रणालीको आधारमा नौ राउन्ड सञ्चालित ब्लिज कपमा अपराजित रहँदै ७.५ अंक जोडेर राजनले पहिलो स्थान हात पारेका हुन्।

सात जित, एक हार र एक बराबरीसँगै मुहान नरसिंह श्रेष्ठले ७.५ अंक बनाएका थिए। तर, उनलाई टाइब्रेकरको आधारमा उछिन्दै राजन च्याम्पियन भएका हुन्। सात जित र दुई हारको नतिजासहित सात अंक बनाएका अभिक शाह तेस्रोमा रहे। राजनले १५ हजार, मुहानले सात हजार पाँच सय र अभिकले ६ हजार रूपैयाँ हात पारे।

१६ स्पर्धा समावेश ब्लिजमा महिलातर्फको उपाधि कुसुम तामाङले जितिन्। गर्ल्स यु ८ मा रुबेश्री चौलागाईं, यु १२ मा निहाना श्रेष्ठ, यु १४ मा नायुमा मगर र यु १६ मा प्रज्ञा पन्त प्रथम भए। ब्वाइजतर्फ यु ८ मा शुभांग प्रधान, यु १० मा अभियान राई, यु १२ मा दीपन मैनाली, यु १४ मा प्रवीर केसी र यु १६ मा अनमोल राई पहिलो स्थानमा रहे।

त्यस्तै, फिडे रेटिङ २००० मुनि सीताराम अग्रवाल, १७०० मुनि कृश अधिकारी, अनरेटेडतर्फ दिप्सन खड्का र एचसीएतर्फ आशीर्वाद थापा उत्कृष्ट ठहरिए। प्रतियोगितामा ५० खेलाडी सहभागी थिए।

### सात्विक सर्वोत्कृष्ट खेलाडी

हिमालयन चेस एकेडेमीले वर्षका उत्कृष्ट खेलाडीसँगै विभिन्न आठ अवार्ड पनि प्रदान गरेको छ, जवसमा सात्विकमान तुलाधरले प्लेयर अफ द इयर २०२४ अवार्ड जितेका छन्।

प्रेमविक्रम अधिकारी दुई विधामा अवार्ड जित्ने एक्लो खेलाडी बने। उनले फेयर प्ले र अनलाइन एरिना अवार्डमा सफलता हात पारेका हुन्। नायुमा मगरले कन्जेनियालिटी अवार्ड, प्रवीर केसीले ट्याक्टिकल टाइटन, निहाना श्रेष्ठले क्वीन्स अफ द हिमालयज र शुभांग प्रधानले राइजिङ स्टार अवार्ड जिते। एकेडेमीले नेपालको पहिलो फिडे रेटेड खेलाडी सीताराम अग्रवाललाई लाइफटाइम एचिभमेन्टबाट नगदसहित सम्मान गऱ्यो।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ, पहिलो राष्ट्रिय चेस च्याम्पियन विकासमान लामा, एसियन गेम्सकी रजत पदक विजेता एरिका गुरुङ, करातेका मुख्य प्रशिक्षक कुशल श्रेष्ठ, नेपाल सरकारका पूर्वसचिव जीवनप्रभा लामा, फुटबल लिजेन्ड हरि खड्का, पेमा डोल्मा लामा, नेपाल बिलियर्ड, स्नुकर तथा पुल संघका अध्यक्ष सरोजकुमार मुल्मी, वडाध्यक्ष हिरालाल तण्डुकर, एकेडेमीकी संस्थापक एवम् नेपाल बुद्धिचाल मासंघकी उपमहासचिव मोनालिसा खम्बूले पुरस्कार तथा अवार्ड वितरण गरेका थिए।

# इरानसँगको आणविक वार्ताका लागि 'अवैध' प्रतिबन्ध अन्त्य गर्न आग्रह



**बेइजिङ–** चीनले तेहरानको आणविक कार्यक्रमबारे लामो समयदेखि रोकिएको वार्ता पुनः सुरु गर्ने आशाका साथ शुक्रबार इरान र रुसका कूटनीतिज्ञसँग छलफल सुरू गर्नुअघि इरानमाथिको 'अवैध' प्रतिबन्ध अन्त्य गर्न अमेरिकासँग आग्रह गरेको छ ।

सन् २०१५ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा तेहरानको आणविक विकासमा प्रतिबन्ध लगाउने ऐतिहासिक सम्झौताबाट अमेरिका पछि हटेको थियो । रिपब्लिकन राष्ट्रपति ट्रम्पले जनवरीमा ह्वाइट हाउसमा फर्केपछि इरानसँग नयाँ आणविक सम्झौताको लागि आह्वान गरेका छन् तर तेहरानले भने जबसम्म दण्डात्मक प्रतिबन्धहरू कायम रहन्छन् तबसम्म त्यस्तो कुनै सम्झौता सम्भव नभएको बताएको छ ।

गत महिना संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायले इरानले अत्यधिक संवर्द्धित युरेनियमको भण्डारमा उल्लेखनीय वृद्धि गरेको बताएपछि यो सम्झौतालाई थप महत्त्व दिइएको थियो । बेइजिङले शुक्रबार इरानका उपविदेशमन्त्री काजेम गारिबाबादी र रुसी उपविदेशमन्त्री सर्गेइ र्‍याबकोभलाई वार्ताका लागि आमन्त्रण गरेको थियो ।

चिनियाँ कूटनीतिज्ञ वाङ यीले इरानी आणविक मामिलामा वार्ता र संवादबाट व्यापक सहमति निर्माण गर्नु महत्त्वपूर्ण उपलब्धि भएको बताए । उनले भने, 'अहिले स्थिति फेरि नाजुक मोडमा पुगेको छ । हामीले शान्तिका लागि समय निकाल्नुपर्छ, राजनीतिक र कूटनीतिक माध्यमबाट विवाद समाधान गर्नुपर्छ र बल प्रयोग र अवैध प्रतिबन्धको विरोध गर्नुपर्छ ।'

'शान्तिपूर्ण' परमाणु कार्यक्रम

गारीबादीले बेइजिङमा भएको 'रचनात्मक' वार्ताको प्रशंसा गरेका छन् । 'इरानको आणविक कार्यक्रम शान्तिपूर्ण प्रकृतिको छ,' उनले भने, 'हाम्रो आणविक कार्यक्रम कहिल्यै पनि अशान्तिपूर्ण उद्देश्यका लागि प्रयोग गरिएको छैन ।'

तर दुर्भाग्यवश, केही देशहरूले यस सम्बन्धमा अनावश्यक संकट सिर्जना गर्न खोजिरहेका छन् । 'वर्तमान परिस्थितिको मूल कारण संयुक्त राज्य अमेरिकाको एकतर्फी बहिर्गमन हो,' गारिबादीले भने ।

रुसी र इरानी अधिकारीले शुक्रबार चीनका उपविदेशमन्त्री मा झाओसुलाई भेटेर इरानको आणविक मुद्दा र साझा चासोका अन्य विषयमा विचार आदानप्रदान गरेको बेइजिङको सरकारी सञ्चारमाध्यमले जनाएको छ । उक्त बैठकपछि माले 'राजनीतिक र कूटनीतिक संलग्नता र पारस्परिक सम्मानमा आधारित संवाद'का लागि चीनको समर्थन रहेको दोहोर्‍याएका थिए ।

माले भने, 'हामीले सबै गैरकानुनी र एकपक्षीय प्रतिबन्ध अन्त्य गर्नुपर्नेमा जोड दिएका छौं । उनले भने, 'सम्बन्धित पक्षहरूले वर्तमान परिस्थितिको मूल कारणहरू समाप्त गर्न र प्रतिबन्ध, दबाब र बल प्रयोगको धम्कीलाई त्याग्ने काम गर्नुपर्छ ।' *रासस/एएफपी*

# चिनियाँ प्राध्यापक जापान फिर्ता



**टोकियो–** एक वर्षअघि घर फर्कने क्रममा बेपत्ता भएका जापानको एक विश्वविद्यालयका चिनियाँ प्राज्ञ जापान फर्किएका छन् । पश्चिमी जापानको कोबे गाकुइन विश्वविद्यालयमा चिनियाँ साहित्य र भाषाविज्ञानका प्राध्यापक हु सियुन सन् २०२३ को ग्रीष्मऋतुमा आफ्नो मातृभूमिको भ्रमण गर्ने क्रममा सम्पर्कविहीन भएका थिए ।

विद्यालयका प्रवक्ता योइची ताकामुराले एएफपीसँग भने, 'जापानमा रहेका हुको परिवारले सन् २०२३ सेप्टेम्बरमा विश्वविद्यालयलाई पहिलोपटक सूचित गर्दै उहाँ अगस्टमा चीन जानुभएदेखि सम्पर्कविहीन भएको जानकारी गराएको थियो । त्यसपछि उहाँले आफू जनवरी २४ मा जापान फर्केको बताउनुभयो ।'

विश्वविद्यालयले चीनमा रहँदा उहाँले के गरिरहेको थियो भनी सोधपुछ गरेको तर उहाँले केही नबताएको जनाएको छ । विश्वविद्यालयको वेबसाइटका अनुसार हुले सन् २०१५ देखि विश्वव्यापी सञ्चार संकायमा चिनियाँ भाषा, संस्कृति र समाजबारे कक्षा लिँदै आएका थिए । 'आगामी शैक्षिक सत्रका लागि हामी उहाँको भूमिकाका लागि समन्वय गरिरहेका छौं,' ताकामुराले भने ।

हालैका वर्षहरूमा बेइजिङले विदेशमा रहेका आफ्ना नागरिकहरूमा आफ्नो ध्यान केन्द्रित गरिरहेको छ । ६४ वर्षीय हु हालैका वर्षहरूमा जापानबाट चीन जाने क्रममा हराएका चिनियाँ शिक्षाविद्हरूमध्ये एक हन् । जापान सरकारले सन् २०२४ को अप्रिलमा टोकियोमा अन्तर्राष्ट्रिय कानुन र राजनीति पढाउने चिनियाँ प्राध्यापक फान युन्ताओ अघिल्लो वर्ष घर आएदेखि नै बेपत्ता भएको भन्ने समाचारको अनुगमन गरिरहेको बताएको थियो ।

सन् २०१९ मा जापानको होक्काइडो युनिभर्सिटी अफ एजुकेसनका युआन केकिन पारिवारिक अन्त्येष्टिका लागि चीन गएका बेला बेपत्ता भएका थिए । *रासस/एएफपी*


Khanikhola Rural Municipality

**Office of Rural Municipal Executive**

Salmechakal, Kavrepalanchok

Bagmati Province, Nepal

**BID ADDENDUM NOTICE**

**Date of publication: 2081/12/02(2025/03/15)**

This is to notify all concerned bidders that addendum has been issued for the NCB Works **"Construction of Hostel Buildings in Janavikash Ma.Vi. and Kumari Ma.Vi" (KRM-W-B-01-081/082)"** published on 2081/11/05 (2025/02/17) through bolpatra.gov.np/egp. The addendum can be downloaded from PPMO's procurement portal bolpatra.gov.np/egp.


# डब्ल्युएफपीले म्यानमामा खाद्य सहायता कटौती गर्ने



**यांगुन–** म्यानमाका १० लाखभन्दा बढी मानिस 'महत्त्वपूर्ण कोषको कमी' को कारणले अप्रिलदेखि खाद्य सहायताबाट वञ्चित हुने विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले जनाएको छ । संयुक्त राज्यले सन् २०२४ सम्म डब्ल्युएफपीलाई नौ अर्ब ७० करोड कोषमध्ये चार अर्ब ४० करोड प्रदान गरेको थियो । हाल वासिङ्टनको अन्तर ष्ट्रिय सहायता कोषले उक्त प्रदान गरिने रकम कटौती गरिने जनाएको छ ।

सन् २०२१ को सैन्य विद्रोहपछि म्यानमा गृहयुद्धको चपेटामा परेको छ । डब्ल्युएफपीले पाँच करोड १० लाख जनसंख्या भएको यस देशका एक करोड ५० लाखभन्दा बढी मानिसले आफ्नो दैनिक खाद्य आवश्यकता पूरा गर्न नसक्ने बताएको छ । 'कोषको गम्भीर अभावका कारण अप्रिलदेखि सुरु हुने गरी म्यानमाका दस लाखभन्दा बढी मानिस डब्ल्युएफपीको जीवनरक्षक खाद्य सहायताबाट वञ्चित हुने,' डब्ल्युएफपीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यी कटौतीहरू बढ्दो द्वन्द्व, विस्थापन र पहुँच प्रतिबन्धहरूले पहिले नै खाद्य सहायताको आवश्यकतालाई तीव्ररूपमा बढाइरहेको बेलामा आएका छन् ।' *रासस/एएफपी*


**राष्ट्रिय वाणिज्य बैंक पूर्व कर्मचारी संघको**

**दशौं केन्द्रीय महाधिवेशन सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८१/१२/०२

यस संघको मिति २०८१/११/२२ गतेका दिन बसेको केन्द्रीय समितिको २६औं बैठकको निर्णय अनुसार संघको १०औं महाधिवेशन निम्न मिति, स्थान र समयमा देहायको विषयमा छलफलका लागि बस्ने भएको हुँदा सदस्यहरुको उपस्थितिका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८१/१२/२३ गते शनिबार

स्थान : संघको केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं

समय : बिहान १०:३० बजे

**छलफलका विषयहरु**

१. महासचिवको सांगठनिक प्रतिवेदन र भावी कार्य योजना पारित गर्ने ।
२. कोषाध्यक्षको आर्थिक प्रतिवेदन र भावी कार्य योजना पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. विधान संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।
५. पूर्व कर्मचारी हित कोषको कार्यविधि संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।
६. केन्द्रीय समितिको निर्वाचन प्रक्रिया निर्वाचन समितिले संघको सूचना पाटीमा प्रकाशित गरे बमोजिम हुनेछ ।
७. विविध ।

**शैलेन्द्र कुमार शाह**
**महासचिव**



## साउदीमा रोजगार

कम्पनी : MOHAMMED QASSIM SAEED ALKUWARI MARBLE FACTORY

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320116 | चलानी नं. ६०२३४४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 7 | 0 | 1000 | ३८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

